नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
(ज्येष्ठ नागरिक संरक्षण शाखा)
सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००१६५
Email:-
info@mowcsc.gov.
www.
mowcsc.gov.np

पत्र संख्या ०७९/०८०
च.नं. ज्ये.ना.सं.शा./ १८०

नीति अनुसन्धान प्रतिष्ठान
दर्ता नं. २६८/065/८०
मिति: २०८०/02/10

मिति २०८०/०२/०८

श्री राष्ट्रिय योजना आयोग,
सिंहदरबार, काठमाण्डौ ।
श्री समावेशी आयोग,
पुल्चोक, ललितपुर ।
श्री नीति अनुसन्धान प्रतिष्ठान,
नारायणहीटी दरवार, काठमाण्डौ ।

विषयः राय / सुझाव सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा ज्येष्ठ नागरिक नीति, २०८० को संलग्न मस्यौदामा तहाँ आयोग/प्रतिष्ठान्को राय/सुझाव उपलब्ध गराई दिनुहुन मिति २०८०/०२/०८ को सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ।

२०८०/०२/०८
सविता अर्याल
उपसचिव

श्री अनुसन्धान विभाग
कार्यान्वयनका लागि
२०८०/०२/१०

# राष्ट्रिय ज्येष्ठ नागरिक नीति, २०७९

## (मस्यौदा)

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाण्डौं

# विषय–सूची


| विषय | पेज नं. |
| --- | --- |
| १. पृष्ठभूमि | १-१ |
| २. ज्येष्ठ नागरिक नीतिको आवश्यकता र औचित्यः | २ |
| ३. विगतका प्रयास र समीक्षा | २-३ |
| ४. नीतिगत व्यवस्था | ३ |
| ५. समस्या र चुनौतीहरू | ४ |
| ५.१ प्रमुख समस्याहरू | ४ |
| ५.२ प्रमुख चुनौतीहरू | ४-५ |
| ६. अवसर तथा लाभ | ५ |
| ७. निर्देशक सिद्धान्त | ५ |
| ८. भावी सोच | ५ |
| ९. लक्ष्य | ५ |
| १०. उद्देश्यहरू | ६ |
| ११. नीतिहरू | ६ |
| १२. रणनीतिहरू | ६-७ |
| १३. कार्यनीति | ७-१३ |
| १४. संस्थागत संरचना | १३-१४ |
| १५.कानुनी व्यवस्था | १४ |
| १६. स्रोत व्यवस्थापन | १४ |
| १७. अनुगमन तथा मूल्याङ्कन | १४ |
| १८. अपेक्षित उपलब्धि | १५ |
| १९.नीतिको कार्यान्वय गर्ने कार्ययोजना | १५ |
| २०. सम्भावित जोखिम न्यूनीकरण योजना | १५ |

## १. पृष्ठभूमि

जीवनको विभिन्न कालखण्डमा आफ्नो उर्जाशील समय कुनै न कुनै तरिकाबाट राष्ट्र, समाज र परिवारको लागि व्यतीत गरेर जीवनको उत्तरार्द्धमा रहेका ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाको प्रत्याभूति दिनु राज्यको संवैधानिक दायित्व हुने कुरालाई दृष्टिगत गर्दै ज्येष्ठ नागरिकको सम्मान, वृद्धावस्थामा हुन सक्ने समस्या र विभिन्न अप्ठ्याराहरूलाई सम्बोधन गर्न नेपालको संविधानको धारा ४१ ले मौलिक हकको रूपमा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। संविधानले ज्येष्ठ नागरिकको विषयलाई नजिकबाट सहज रूपमा सम्बोधन गर्न स्थानीय तहको क्षेत्राधिकारमा सूचीकृत गरिएको छ । यसको कार्यान्वयको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका र नगरपालिकालाई एकल अधिकार प्रदान गरिएको छ ।त्यसै गरि ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप र अनुभवको सदुपयोग गरी निजहरूप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नको लागि ज्येष्ठ नागरिक सम्वन्धी ऐन, २०६३ तथा ज्येष्ठ नागरिक नियमावली,२०६५ लगायतका कानुनहरू कार्यान्वयनमा छन्।

ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारमा आर्थिक पहुँचका साथै विशेष उपचार प्रदान गर्न ज्येष्ठ नागरिक बीमामा सरकारले प्रिमियमको व्यवस्था, जेरियाट्रिक वार्डको व्यवस्था, सरकारी अस्पतालमा निश्चित वार्ड सुरिक्षत गर्नुपर्ने र निश्चित रोगको उपचारमा छुटको व्यवस्था गरेको छ । ज्येष्ठ नागरिकमा जीवन सहज, व्यवस्थित र मर्यादित बनाउन स्थानीय तहमा ज्येष्ठ नागरिक हेरचाह केन्द्र र दिवा सेवा केन्द्र सञ्चालन गर्ने व्यवस्था रहेको छ ।ज्येष्ठ नागरिक भत्ता वितरण कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउन बैंकिङ सेवाको विस्तार र पहुचँलाई सामाजिक सुरक्षा कार्यक्रमसंग आवद्धता कायम गरिएको छ । ज्येष्ठ नागरिकको लगत अद्यावधिक, परिचय पत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन भएको छ ।

ज्येष्ठ नागरिक राष्ट्र र समाजका पथ प्रदर्शक, ज्ञान, सीप र अनुभवका खानी एवं जिउँदो इतिहासको रूपमा रहेका छन् । घट्दो जन्मदर, बालमृत्यु दरमा कमि, स्वास्थ्य सेवाको विकास तथा स्वास्थ्यमा पहुँच, जीवनस्तरमा आएको सुधार र औषत आयुको बृद्धिले ज्येष्ठ नागरिकको जनसंख्या विश्वमा तीव्ररुपमा बढ्दै गएको छ।[1] सोही बमोजिम हाल नेपालमा पनि ज्येष्ठ नागरिकको जनसंख्या कुल जनसंख्याको १०.२१ प्रतिशतमा रहेको छ । यस सन्दर्भमा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई मुलुकको विकासको लागि उपयोग गर्न सके राष्ट्रिय विकासमा उच्च योगदान पुग्नुका साथै दिगो विकासका लक्ष्य प्राप्त गर्न, संघ, प्रदेश,र स्थानीय तहबीचको समन्वय र सहकार्य गर्न जरुरी देखिन्छ । यसैगरी राज्यका तीनवटै तहमा ज्येष्ठ नागरिकमैत्री शासन व्यवस्थालाई संस्थागत गर्न, तीन तहका सरकारबाट तर्जुमा हुने योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेटमा समावेशगरी उनीहरुको जीवन सहज, सुरक्षित एवम् सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु पर्ने आवश्यकता देखिएकोछ ।

---

राष्ट्रिय जनगणना, २०७८

ज्येष्ठ नागरिकको ज्ञान,सीप र अनुभवलाई राष्ट्र निर्माणमा उपयोग गर्न र असहाय अशक्त एकल र जोखिममा परेमा ज्येष्ठ नागरकको विशेष संरक्षण र सुरक्षाको कानूनी तथा संस्थागत व्यवस्थाको गर्न एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ज्येष्ठ नागरिकको मुद्दालाई सम्बोधन गर्ने सम्बन्धमा चलिरहेको वहस, लक्ष्य उद्देश्य सहित तर्जुमा भएका कानुन, अन्तराष्ट्रिय स्तरमा भएका प्रतिवद्धता समेतलाई दृष्टिगत गर्दै ज्येष्ठ नागरिकलाई प्रदान गरिएको अधिकारको यथोचित सम्बोधन र व्यवस्थापन हुन आवश्यक छ ।

## २. ज्येष्ठ नागरिक नीतिको आवश्यकता र औचित्यः

ज्येष्ठ नागरिकको सम्बन्धमा अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा भए गरेका निर्णय, घोषणा एवं सिफारिसहरू मध्ये खासगरी भियना कार्य योजना,१९८२, ज्येष्ठ नागरिकको लागि संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त, १९९१, मकाउ कार्ययोजना,१९९८ र म्याड्रिक अन्तर्राष्ट्रिय कार्ययोजना, २००२ मा उल्लेख भएका विषय पर्दछन् ।साथै दिगो विकास अनुसार ज्येष्ठ नागरिकको लागि उपयुक्त सामाजिक सुरक्षा प्रणाली र उपायहरु कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असायमीक मृत्युदरलाई रोकथाम र उपचारबाट एक तिहाईले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने ।ज्येष्ठ नागरिक सम्बन्धी विद्यमान सबै प्रावधान र ज्येष्ठ नागरिकका क्षेत्रमा विकास हुदै गएको नयाँ नयाँ अवधारणा, पद्धति र प्रणालीलाई हाम्रो मुलुकको परिवेशमा समयसापेक्ष अनुकूल र उपयुक्त बनाउन आवश्यक रहेको छ । नीतिको माध्यमद्वारा ज्येष्ठ नागरिकहरूको समुचित व्यवस्थापन र उनीहरूको मर्यादित जीवनयापनका लागि देखिएका समस्या र चुनौतीहरूलाई समाधान आवश्यकता रहेको छ ।

यसै पृष्ठभूमिलाई समेत दृष्टिगत गर्दै ज्येष्ठ नागरिकहरूका ज्ञान, सीप र अनुभवलाई सामाजिक र आर्थिक विकासका कार्यमा उपयोग गरी उनीहरूको जीवनयापन सहज, सुरक्षित, मर्यादित र अधिकारमुखी बनाउन यस नीतिको आवश्यकता र औचित्य रहेको छ ।

साथै नेपालको संविधान बमोजिम संघ, प्रदेश, स्थानीय तहमा ज्येष्ठ नागरिक सम्बन्धी कार्य गर्ने संघ, संस्था बीच समन्वय कायम गरी मानव अधिकारको रक्षाका लागि व्यवस्थित, योजनावद्ध तथा परिणाममुखी तरिकाले ज्येष्ठ नागरिकको समस्या सम्बोधनकालागि जिम्मेवार एवं उत्तरदायी भूमिका निर्वाह गर्नका लागि ज्येष्ठ नागरिक नीतिको आवश्यकता रहेको छ । साथै २५ वर्षको दीर्घकालीन सोच सहित तर्जुमा भएको पन्ध्रौ आवधिक योजनाले पनि ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणका लागि ज्येष्ठ नागरिक संरक्षण गरी कार्यान्वयन गर्ने कार्यनीति उल्लेख गरेकोले सो को कार्यान्वयनको लागि नीतिको अपरिहार्यता रहेको छ ।

३. विगतका प्रयास र समीक्षा

ज्येष्ठ नागरिकको जल्दोबल्दो समस्यालाई न्यूनीकरण गर्ने, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने सिद्धान्त अवलम्बन गरी ज्येष्ठ नागरिक कार्य नीति, २०५८ जारी भएको थियो ।

- सन् १९४८ को मानव अधिकारका लागि विश्वव्यापी घोषणापत्रमा वृद्धवृद्धा अर्थात् ज्येष्ठ नागरिकका अधिकार र सुरक्षाका विषयले प्रवेश पाए पश्चात् नेपालमा पनि ज्येष्ठ नागरिकको सम्मानपूर्ण जीवन यापनको लागि दिवा सेवा केन्द्र,हेरचाह केन्द्र तथा ज्येष्ठ नागरिक क्लवहरु सञ्चालन भएका छन्।
- वि.स. २०५१ सालबाट ७५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई वृद्ध भत्ता (रु. १००) वितरण गर्न शुरु गरिएकोमा हालसम्म सोही कार्यक्रमको निरन्तरता स्वरूप सामाजिक सुरक्षा भत्ता वृद्धि भएको छ ।
- असहाय, अशक्त र वेवारिसे ज्येष्ठ नागरिकको भरण पोषण र लालनपालनका लागि वि.स. १९३८ सालमा पञ्चदेवल पाकशालाको रूपमा पशुपतिमा वृद्धाश्रमको स्थापना भएको थियो भने वि.स. २०३४ सालदेखि सो पाकशालालाई नेपाल सरकारले समाजकल्याण केन्द्र वृद्धाश्रम, पशुपतिको रूपमा सञ्चालन गर्दै आएको छ।
- ज्येष्ठ नागरिकको विषयलाई नेपालको नवौं पञ्चवर्षीय योजनादेखि ज्येष्ठ नागरिक शीर्षक प्रदान गरी सरकारले ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०६३, सोको नियमावली, २०६५ जारी गर्नुका साथै ज्येष्ठ नागरिक स्वास्थ्य सेवा उपचार कार्यान्वयन निर्देशिका, २०६१, सार्वजनिक सवारी साधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७० लगायतका कानून तर्जुमा गरी सो अनुरूपका कार्यहरू कार्यान्वयन हुँदै आएका छन्।
- नेपालको संविधानले ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रूपमा स्वीकार गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभुती गरेको छ ।

४. नीतिगत व्यवस्था

नेपालको संविधान २०७२ को धारा ४१ मा ज्येष्ठ नागरिकको विशेष संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूतिसँग अनुकूलित गर्न ज्येष्ठ नागरिक सम्बन्धी ऐनको पहिलो संशोधन भएको छ । ज्येष्ठ नागरिकको सुरक्षा, सम्बर्द्धन र संरक्षणका लागि ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले साठी वर्ष उमेर पुरा गरेका नागरिकलाई ज्येष्ठ नागरिकको रूपमा परिभाषा गरेको छ । ज्येष्ठ नागरिकको जीवनलाई आर्थिक रूपले सक्षम, सहज, मर्यादित र सम्मानित गर्न ६८ वर्ष उमेरहद कायम गरी राज्यले सामाजिक सुरक्षा भत्ता बापत रु.४,०००/ प्रदान गरेको छ । सबै ज्येष्ठ नागरिकलाई बैंकिङ्ग प्रणालीमा जोड्न बैंक तथा वित्तीय संस्थाहरूले निःशुल्क खाता खोली रु.१०० मौज्दात राख्ने व्यवस्था गरेको छ ।

ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानिय तहमार्फत अनुदान उपलब्ध गराउने कार्यविधि,२०७६,संस्थागत अनुदान सम्बन्धी मापदण्ड,२०७७,ज्येष्ठ नागरिक

परिचय-पत्र वितरण निर्देशिका,२०७४ र ज्येष्ठ नागरिक मिलन केन्द्रलाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि,२०७९कार्यान्वयमा ल्याएको छ । बढ्दो उमेरलाई स्वस्थ, निरोगी र अर्थपूर्ण बनाई संविधानद्वारा प्रत्याभूत हकको कार्यान्वयन गरी स्वास्थ्य सेवा उपलब्ध गराउन नेपाल सरकार स्वास्थ्य मन्त्रालयले घरमा आधारित स्वास्थ्य सेवा मापदण्ड र कार्यविधि,२०७६, ज्येरियाट्रिक केयर सेन्टर सञ्चालन निर्देशिका र मापदण्ड,२०७७,ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन निर्देशिका,२०७८,ज्येष्ठ नागरिक स्वास्थ्य सेवा रणनीति,२०७८ र ज्येष्ठ नागरिक स्वास्थ्य सेवा सञ्चालन मापदण्ड,२०७९ कार्यान्वयनमा ल्याएको छ ।

## ५.समस्याहरू र चुनौतीहरू

ज्येष्ठ नागरिकको उमेर र शारीरिक अवस्थाले मानसिक रूपमा संवेदनशील हुँदा ज्येष्ठ नागरिकमा विभिन्न समस्या तथा चुनौती देखा पर्दछन्।कमजोर शारीरिक तथा मानसिक अवस्था, बुढ्यौलीले सृजना हुने रोग र आफ्ना सन्तानहरू आफनो वृति विकास र कार्यमा संलग्न हुँदा परिवारका सदस्यबाट पाउनु पर्ने स्याहार सुसार,मान मर्यादा, जस्ता विषय्हरूको सुनिश्चितता नहुँदा विभिन्न समस्याहरू भोग्दै आउनु परेको छ ।उक्त विषयको कार्यान्वयनका लागि राज्यको तर्फबाट नीति तथा कार्यक्रम, ऐन, नियम तथा अन्य कार्ययोजना मार्फत सम्बोधन गर्ने प्रयास गरेको भएपनि अपेक्षित रूपमा सम्बोधन हुन सकेको छैन ।

### ५.१ प्रमुख समस्याहरू

(१) ज्येष्ठ नागरिकको लागि उपलब्ध सेवा सुविधा तथा सामाजिक सुरक्षा पर्याप्त नहुनु ।

(२) उनीहरूमा भएको ज्ञान, सीप र अनुभवलाई राष्ट्रले उपयोग गर्न तथा नयाँ पीढिमा हस्तान्तरण गर्न नसक्नु ।

(३) शारीरिक र मानसिक रूपमा अशक्त, असहाय, एकल, वेवारिसे तथा पीडामा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण हुन नसक्नु ।

(५) सन्तान अर्थात् परिवारका सदस्यहरूमा बाबु, आमाप्रति पूरा गर्नु पर्ने दायित्व, जिम्मेवारी निर्वाह गर्न नसक्नु।

(६) सर्ने रोग, नसर्ने रोग र जटिल रोगको दीर्घकालीन उपचार र विशेष हेरचाहकोलागि सरकारले उचित व्यवस्थाहरू गर्न नसक्नु ।

(७) ज्येष्ठ नागरिकका मुद्दालाई मुलुकको समग्र योजना व्यवस्थापनमा समाहित गरी ज्येष्ठ नागरिकलाई उत्पादन तथा उत्पादकत्व संग जोड्न नसक्नु ।

(८) युवापीढी, देश भित्र रोजगारीको अवसर न्यून हुँदा बाहिरका मुलुकहरूमा अर्थोपार्जनमा जाँदा ज्येष्ठ नागरिकमा एकाकीपनको समस्या रहेको हुँदा यसले कृषिमा समेत असर परेको छ।

### ५.२ प्रमुख चुनौतीहरू

(१) संघीय संरचना अनुरूप तीन तहमा ज्येष्ठ नागरिकका विषयलाई सम्मानजनक र समान रूपमा सम्बोधन र व्यवस्थापन गर्दै उनीहरूको जीवनलाई सहज र सरल बनाउनु ।

(२) ज्येष्ठ नागरिकको बढ्दो जनसंख्यालाई व्यवस्थित गर्दै उनीहरूको आवश्यकता अनुरूप सेवा सुविधा प्रदान गर्नु ।

(३) ज्येष्ठ नागरिको ज्ञान, सीप र अनुभवलाई मुलुकको समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु ।

(४) ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु ।

(४) ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु ।

(५) ज्येष्ठ नागरिकको लागि उपयुक्त दिवा सेवा,हेरचाह केन्द्र र आवश्यकतानुसार औषधी उपचारसहितको ७ प्रदेशमा आरोग्य आश्रमको निर्माण र सञ्चालन गर्नु ।

(६) कुनै पनि प्राकृतिक प्रकोपमा ज्येष्ठ नागरिकको उद्धार र पुनःस्थापना गर्नु ।

(७) ज्येष्ठ नागरिक समाजका अग्रणी तथा संस्कृतिक गहना हुन उनीहरूको सम्मान गरेमा मात्र समाजको पहिचान रहन्छ भन्ने नैतिक शिक्षा युवा पुस्ता माझ स्थापित गर्नु ।

(८) राज्यबाट बजेट निर्धारण गर्दा प्राथमिकतामा नपर्नु।

## ६. अवसर तथा लाभ

- संविधानद्वारा ज्येष्ठ नागरिककोलागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु ।
- संविधानत ज्येष्ठ नागरिकको व्यव्थापन स्थानीय तहको क्षेत्राधिकारमा रहनु ।
- ज्येष्ठ नागरिकको ज्ञान,सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सिर्जना हुदै जानु।
- ज्येष्ठ नागरिकको हक अधिकारको रक्षा र प्रवर्द्धन गर्न राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा सरकारको प्रतिवद्धता रहनु ।
- असहाय,अनाथ, जोखिममा रहेका ज्येष्ठ नागरिकको लागि हेरचाह केन्द्र ,दिवा सुरक्षा केन्द्र स्थापना तथा संचालनमा रहनु।
- ज्येष्ठ नागरिकको जनसंख्यामा आएको वढोत्तरीले दक्ष र अनुभवी जनशक्ति उपयोग गर्न सक्ने संभावना बढ्नु ।
- स्याहार गृह, स्याहार तालिम केन्द्र र ज्येष्ठ नागरिक लक्षित सहायक सामग्रीको उत्पादन तथा बजारीकरण र बुढाबुढी विज्ञान(जेरोन्टोलोजी) जस्ता लगानीका नयां क्षेत्रहरु पहिचान तथा विस्तार हुदै जानु।

## ७. निर्देशक सिद्धान्त

ज्येष्ठ नागरिकको जीवनयापन सरल, सुरक्षित, मर्यादित र सम्मानित बनाउन देहाय बमोजिमका निर्देशक सिद्धान्तका आधारमा राष्ट्रिय ज्येष्ठ नागरिक नीति प्रतिपादन गरिएको छ ।

(१) ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको रष्ट्रिय हितमा उपयोग ।

(२) ज्येष्ठ नागरिकको उचित र सम्मानजनक व्यवस्थापनमा परिवार तथा राज्यको उत्तरदायित्व ।

(३) आत्मसम्मान सहितको ज्येष्ठ नागरिकको जीवनयापनको सुनिश्चितता ।

(४) संघीय संरचना अनुसारको राज्यप्रणाली मार्फत रहेको शासकीय संयन्त्रमा ज्येष्ठ नागरिकको सहभागिता, सहकार्य र साझेदारी ।

(५) ज्येष्ठ नागरिक लक्षित सेवा प्रवाहमा व्यवसायिकता, इमान्दारी र पेसागत नैतिकता ।

(६) गुणस्तरीय हेरचाह तथा संरक्षणमा सर्वव्यापी पहुँच तथा पर्याप्तता ।

(७) ज्येष्ठ नागरिक लक्षित विशेष स्वास्थ्य सेवा ।

८. भावी सोच

ज्येष्ठ नागरिकको संरक्षित तथा सम्मानित जीवनको प्रत्याभूति ।

९. लक्ष्य

ज्येष्ठ नागरिकमुखी वातावरण सृजना गरी ज्येष्ठ नागरिकको जीवन सम्मानित, मर्यादित, सुरक्षित र व्यवस्थित बनाउने।

१०. उद्देश्यहरू

(१) सामाजिक, आर्थिक र कानूनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक, अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।

(२) ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई मुलुकको आर्थिक, सामाजिक रूपान्तरण र राष्ट्रको समृद्धिकालागि उपयोग गर्नु।

(३) ज्येष्ठ नागरिकलाई आवश्यक सेवा-सुविधा उपलब्ध गराउनु ।

(४) असहाय, अशक्त, एकल र जोखिममा परेका ज्येष्ठ नागरिकको लागि विशेष संरक्षण र सुरक्षाको व्यवस्था गर्नु ।

११. नीतिहरू

(क) कानूनी प्रवन्ध, संस्थागत सुधार र ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माणकोलागि राज्यका तीनवटै शासकीय तहमा ज्येष्ठ नागरिकको हक, अधिकारको संरक्षण र प्रबर्द्धन गर्न उपयुक्त शासन प्रणालीको विकास गर्ने ।

(ख) नेपाल पक्ष भएका ज्येष्ठ नागरिक सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि एवं राष्ट्रिय कानूनमा भएका व्यवस्था कार्यान्वयनमा ल्याउन आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ग) ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्दै आर्थिक-सामाजिक रूपान्तरण र राष्ट्रको विकासको लागि उपयोग गर्ने।

(घ) ज्येष्ठ नागरिकको जीवनलाई स्वास्थ्य, सुरिक्षत, मर्यादित र सम्मानजनक बनाउन परिवार, समाज र राज्यले आवश्यक सेवा- सुविधा उपलब्ध गराउने ।

(ङ) असहाय,अशक्त, जोखिममा परेका र शारीरिक एवं मानसिक रूपमा कमजोर रहेका ज्येष्ठ नागरिकको उचित व्यवस्थापन गर्न उपयुक्त आश्रय स्थल तथा आवश्यक संरक्षणको व्यवस्था गर्ने ।

१२. रणनीतिहरू

(क) ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवन सुनिश्चित गर्नका लागि कानूनी प्रवन्ध, संस्थागत सुधारगरी राज्यका तीनवटै शासकीय तहमा ज्येष्ठ नागरिकको हक अधिकारको सुरक्षा र व्यवस्थापन गर्न उपयुक्त शासन प्रणालीको विकास गर्ने।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले ज्येष्ठ नागरिककालागि प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने ।

(ग) सरकारले ज्येष्ठ नागरिकसँग सरोकार राख्ने विभिन्न सरकारी निकाय, सामाजिक संघ संस्था र निजी क्षेत्रका सरोकारवालाहरू बीच समन्वय स्थापित गरी सहकार्य गर्ने ।

(घ) भौतिक संरचना, स्वास्थ्य सुविधा,यातायत सुविधा, साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधिलाई पहुँचयुक्त एवं ज्येष्ठ नागरिकमैत्रीमुखी बनाई ज्येष्ठ नागरिकलाई सार्वजनिक सेवा लिन सहज वातावरण निर्माण गर्ने । निजी क्षेत्रमा पनि सोही बमोजिम गर्न प्रोत्साहन गर्ने ।

(ङ) ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नकालागि नीति निर्मागमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने।

(च) ज्येष्ठ नागरिकको सम्वन्धी प्रकाशित समग्र सूचना, दस्तावेज, तथ्यांक एवं साहित्यहरूको व्यवस्थापन तथा वितरणको लागी (आवश्यक सूचना तथा सामग्री संकलन एवं व्यवस्थित गर्न) स्रोत केन्द्रको स्थापना गर्ने। ज्येष्ठ नागरिक तथा अशक्त, असहाय, वेवारिसे र जोखिममा परेका ज्येष्ठ नागरिकका लागि विशेष संरक्षण तथा सुरक्षाको लागि आवश्यक सेवा-सुविधा उपलब्ध गराउने ।

(छ) ज्येष्ठ नागरिको जीवनलाई सम्मानित,सुरक्षित र व्यवस्थित बनाउन आर्थिक, सामाजिक,पारिवारिक कार्यक्रम तथा सुरक्षाको सेवामा वृद्धि गर्ने ।

(ज) परम्परागत असल(अभ्यास) मूल्य-मान्यताको संरक्षण गर्दै ज्येष्ठ नागरिकको सम्मानको लागि सरकार,समाज,समुदाय र परिवारलाई जिम्मेबार, उत्तरदायी एवं जवाफदेही हुने अवस्था सृजना गर्ने।

१३.कार्यनीतिः

**रणनीति १ :** ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको सुनिश्चित गर्नका लागि कानूनी प्रवन्ध, संस्थागत सुधारगरी राज्यका तीनवटै शासकीय तहमा ज्येष्ठ नागरिकको हक अधिकारको सुरक्षा र व्यवस्थापन गर्न उपयुक्त शासन प्रणालीको विकास गर्ने।

(क) संघ, प्रदेश तथा स्थानिय तहमा ज्येष्ठ नागरिकमैत्री नीति,योजना तथा कानून निर्माण गरी कार्यान्वय गरिने छ।

(ख) संघ, प्रदेश तथा स्थानिय तहमा ज्येष्ठ नागरिकमैत्री कानून निर्माण गर्न सम्बन्धित शासकीय तहको क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

(ग) संघ, प्रदेश तथा स्थानीय तहमा रहेका कानून निर्माण तथा कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई अभिमुखीकरण गरिनेछ ।

(घ) ज्येष्ठ नागरिकको विषयलाई मूल प्रवाहीकरण गरी विभिन्न विषयगत नीतिमा समावेश गरी कार्यान्वयन गरिने छ ।

(ङ) ज्येष्ठ नागरिकमुखी शासन प्रणालीलाई राज्यका सबै शासकीय तहमा संस्थागत गरिनेछ ।

(च) संघ, प्रदेश तथा स्थानीय तह लगायत अन्तर्राष्ट्रिय क्षेत्रका असल अभ्यासहरूलाई सरोकार निकायबीच आदान प्रदान गरिने छ ।

(छ) ज्येष्ठ नागरिका मुद्दाहरुमा सबै शासकीय तहमा थप अध्ययन- अनुसन्धान गरी प्रभावकारिता अभिवृद्धि हुने गरी कार्यक्रम संचालन गरिने छ ।

रणनीती २: राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले ज्येष्ठ नागरिककालागि प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने ।

(क) नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धिमा ज्येष्ठ नागरिक सम्बन्धी भएका व्यवस्था कार्यान्वयनमा ल्याउन नयाँ कानून निर्माण तथा विद्यमान कानूनको पुनरावलोकन गरिनेछ।

(ख) ज्येष्ठ नागरिकको सम्बन्धमा विद्यमान कानूनमा भएमा व्यवस्थालाई समयानुकूल परिमार्जन गरिनेछ ।

(ग) ज्येष्ठ नागरिक सम्वन्धी अन्तर्राष्ट्रिय स्तरमा संचालन हुने खुला छलफलमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्दै भाग लिईनेछ ।

रणनीती ३: सरकारले ज्येष्ठ नागरिकसँग सरोकार राख्ने विभिन्न सरकारी निकाय, सामाजिक संघ संस्था र निजी क्षेत्रका सरोकारवालाहरू बीच समन्वय स्थापित गरी सहकार्य गर्ने ।

(क) ज्येष्ठ नागरिक सम्वन्धी आवश्यक कार्य संचालन गर्न सार्वजनिक निजी सहाकारीको ढाँचा अनुरूप कार्यक्रमहरू संचालन गरिनेछ ।

(ख) गैर सरकारी संस्थाको पारदर्शिता र उत्तरदायित्व वृद्धि गरी ज्येष्ठ नागरिकको क्षेत्रमा सामाजिक संस्था मार्फत काम गर्न सक्षम बनाईनेछ ।

(ग) गैर सरकारी संस्थालाई राष्ट्रिय प्राथमिकता र आवश्यकतामा कार्य गर्न स्पष्ठ मापदण्ड निर्माण गरिनेछ ।

(घ) ज्येष्ठ नागरिकका मुद्दाहरुमा क्षेत्राधिकार प्राप्त सरकारी निकायहरु बीच समन्वय र सहकार्य कायम गरिनेछ।

(ङ) ज्येष्ठ नागरिकका मुद्दाहरुको प्रभावकारिताको लागि अन्तरनिकाय संयन्त्र निर्माण गरिनेछ ।

रणनीति ४: भौतिक संरचना, स्वास्थ्य सुविधा,यातायत सुविधा,साधन स्रोत, सूचना तथा सञ्चार र प्रविधि पहुँचयुक्त बनाई ज्येष्ठ नागरिककोलागि सार्वजनिक सेवा सहज बनाउने । नीजि क्षेत्रमा पनि सोही बमोजिम निर्माण गर्न प्रोत्साहन गर्ने।

(क) सरकारी एवं नीजी क्षेत्रबाट निर्माण हुने भवन निर्माणको नक्सा पास गर्दा स्थानीय तहले ज्येष्ठ नागरिकमैत्रीमुखी भवन निर्माण हुने गरी नक्सा पास हुने प्रणालीको विकास गरिनेछ ।

(ख) सरकारद्वारा निर्माण गरिने सबै संरचनाहरूलाई ज्येष्ठ नागरिकमैत्रीमुखी भवन निर्माणको लागि अनिवार्य गरिनेछ एवं विद्यमान संरचनालाई यथासम्भव ज्येष्ठ नागरिक मैत्रीमुखी बनाउने।

(ग) विमानस्थल,सडक,भवन लगायतका सार्वजनिक भौतिक संरचना,पूर्वाधार तथा यातायतका साधनहरु ज्येष्ठ नागरिकमैत्रीमुखी र पहुँचयुक्त बनाईनेछ ।

(घ) आमसञ्चार,सूचना र प्रविधिमा ज्येष्ठ नागरिकलाई पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरगको व्यवस्था गरिनेछ ।

(ङ) ज्येष्ठ नागरिकहरूको लागि सेवा सुविधा ज्येष्ठ नागरिकमैत्रीमुखी बनाई दैनिक क्रियाकलाप गर्न सहज हुने वातावरण निर्माण गरिनेछ ।

(च) ज्येष्ठ नागरिकहरू बीचको सञ्चारलाई सक्रिय बनाई उनीहरूको क्षमता विकास गरिनेछ ।

(छ) धार्मिक, सांस्कृतिक,ऐतिहासिक,पर्यटकीय,खेलकुद र मनोरञ्जनका संरचना लगायत सबै सार्वजिक स्थललाई पहुँचयुक्त र सुविधायुक्त बनाईनेछ ।

(ज) सार्वजनिक सेवा संग सम्बन्धित सूचना तथा सञ्चारलाई ज्येष्ठ नागरिकमैत्रीमुखी बनाईनेछ ।

(झ) ज्येष्ठ नागरिकलाई सहज रूपले आवतजावत र आरामदायी रूपले बस्न मिल्ने किसिनको सार्वजन्कि बस खरिद गर्न व्यवसायीहरूलाई उत्प्रेरित गरिनेछ ।

(ञ) यातायातका साधनमा कार्यरत मजदुर/कर्मचारीलाई ज्येष्ठ नागरिकको अवस्था र सहयोग गर्नु पर्ने विषय बारे जानकारी गराउन अन्तरक्रिया एवं अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

(ट) ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न ज्येष्ठ नागरिकको लागि निर्माणको हुने अस्पताल,जेरियाट्रिक वार्ड र सार्वजनिक शौचालयलाई ज्येष्ठ नागरिकमैत्रीमुखी बनाइनेछ ।

रणनीति ५: ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्नकालागि नीति निर्माणमा सहभागिता र स्रोतमा पहुँच सुनिश्चित गर्ने।

(क) ज्येष्ठ नागरिकलाई नीति निर्माणमा सहभागिता र स्रोत- साधनमा पहुँच बढाई अपनत्व वृद्धि गरिन्‍नेछ ।

(ख) संघ,प्रदेश र स्थानीय तहको नीति निर्माणको लागि ज्येष्ठ नागरिको विज्ञता उपयोग गर्ने वातावरण निर्माण गरिनेछ ।

(ग) ज्येष्ठ नागरिको ज्ञान ,सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

(घ) ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान र आदर गरिनेछ ।

(ङ) ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न विद्यालयस्तरमा अन्तर पुस्तान्तरण कार्यक्रम संचालन गरिनेछ।

(च) स्रोत र साधनले युक्त ज्येष्ठ नागरिक सम्बन्धी सबै प्रकारका जानकारी प्राप्त गर्न ज्येष्ठ नागरिकको विवरण तयार गरी उनीहरुको क्षमतालाई राष्ट्र निर्माणमा उपयोग गर्न प्रत्येक स्थानीय तहमा ज्येष्ठ नागरिक स्रोत केन्द्रको स्थापना गरिनेछ ।

(छ) शैक्षिक संस्था,तालिम केन्द्र जस्ता स्थानमा अनुभव तथा ज्ञान, सीप हस्तान्तरण गर्न मन्तव्य,वक्तव्य प्रस्तुत गर्ने अवसर योग्य ज्येष्ठ नागरिकलाई प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(ज) ज्येष्ठ नागरिकद्धारा ज्येष्ठ नागरिक परामर्श सेवा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

(झ) विद्यालय व्यवस्थापन समिति, वन उपभोक्ता समिति, स्थानीय मन्दिर, पार्क,टोल विकास, लगायतका समितिहरुमा ज्येष्ठ नागरिकको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(ञ) ज्येष्ठ नागरिकको विज्ञताको आधारमा स्थानीय विकास कार्यक्रम र आयोजनाको मूल्यांकन, सामाजिक परीक्षण र अनुगमनमा संलग्न गराईनेछ ।

रणनिति ६: मुलुकको आर्थिक, सामाजिक रूपान्तरण र राष्ट्रको समृद्धिका लागि ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उत्पादन तर्फ केन्द्रित गर्दै ज्येष्ठ नागरिकलाई आत्मनिर्भर बनाउने।

(क) स्थानीय तहमा योग्य, सक्रिय तथा सक्षम ज्येष्ठ नागरिकलाई विषय विज्ञताको आधारमा ज्येष्ठ नागरिकको ज्ञानसीप अनुभवलाई उपयोग गरी आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम ल्याइनेछ।

(ख) संघ,प्रदेश र स्थानीय तहको नीति निर्माणको लागि ज्येष्ठ नागरिकको विज्ञता उपयोग गर्ने वातावरण निर्माण गरिनेछ।

**रणनीति ७: ज्येष्ठ नागरिक सम्वन्धी प्रकाशित समग्र सूचना, दस्तावेज, तथ्यांक एवं साहित्यहरूको व्यवस्थापन तथा वितरणको लागी (आवश्यक सूचना तथा सामग्री संकलन एवं व्यवस्थित गर्न) स्रोत केन्द्रको स्थापना गर्ने ।**

(क) ज्येष्ठ नागरिक सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा प्रकाशित जर्नल, लेख, रचना, स्मारिका, साहित्य लगायतमा तथ्यगत समाचार एवं तथ्यांकहरू संकलन गरिनेछ ।

(ख) ज्येष्ठ नागरिक सम्बन्धी सूचना र तथ्याङ्क अद्यावधिक र व्यवस्थित गर्ने संयन्त्रको विकास गर्दै लगिनेछ।

(ग) ज्येष्ठ नागरिकले गरेका अनुसन्धान,साहित्यिक सिर्जना, लेख तथा रचना प्रकाशन गरिनुका साथै उच्च मूल्यांकन भएका लेख,रचना प्रकाशन र अनुसन्धानलाई पुरस्कृत गरिनेछ ।

(घ) राष्ट्रिय,जातीय,वर्गीय,वंशीय लगायतका इतिहास,भाषा,संस्कृति, परम्परा मूल्य मान्यताको ज्ञान भएका ज्येष्ठ नागरिकको उपयोग गरेर इतिहास,भाषा,लिपि,परम्परा तथा मूल्य-मान्यता लिपिवद्ध गरी संरक्षण गरिनेछ।

(ङ) ज्येष्ठ नागरिकको तथ्यांकलाई समसामयिक र व्यवस्थित गर्न सबै स्थानीय निकायलाई अनिवार्य उत्तरदायी वनाउन उत्प्रेरित गरिनेछ ।

(च) स्थानीय तहदेखि केन्द्रसम्मको सबै ज्येष्ठ नागरिकको लगत तयार गरी रेकर्ड राखिनेछ ।

(छ) उनीहरूको विचार अनुभवको संकलित संगालो निरन्तर रूपमा प्रकाशन गरिनेछ।

(ज) ज्येष्ठ नागरिक सम्बन्धी लेखहरू समावेश गरि पत्रिका बर्षमा एक पटक प्रकाशित गरिनेछ ।

**रणनीति ८: ज्येष्ठ नागरिक तथा अशक्त, असहाय, वेवारिसे र जोखिममा परेका ज्येष्ठ नागरिकका लागि विशेष संरक्षण तथा सुरक्षाको लागि आवश्यक सेवा-सुविधा उपलब्ध गराउने ।**

(क) निजी क्षेत्रसंगको सहकार्यमा ज्येष्ठ नागरिकको लागि स्थानीय तहमा सेवा केन्द्र,ज्येष्ठ नागरिक क्लव,दिवा सेवा केन्द्र र प्रदेशमा आरोग्य आश्रमको स्थापना र संचालन गरिनेछ ।

(ख) हेरचाह केन्द्र, ज्येष्ठ नागरिक क्लव,दिवा सेवा केन्द्र संचालनको लागि मापदण्ड निर्माण गरी कार्यान्वयमा ल्याईनेछ ।

(ग) ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा दिईएको छुट सुविधालाई सहजरुपमा सुविधा पाउने प्रबन्ध गर्नुका साथै यस्तो सुविधा क्रमश हवाई यातायतमा समेत प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

(घ) लाईनवद्ध हुनु पर्ने जुनसुकै ठाउँमा विशेष प्राथमिकता दिई ज्येष्ठ नागरिकको लागि छुट्टै लाईनको व्यवस्था मिलाईनेछ ।

(ङ) सामाजिक क्षेत्रमा आयोजना गरिने सबै कार्यक्रममा ज्येष्ठ नागरिकलाई विशेष स्थानको व्यवस्था गर्ने प्रबन्ध मिलाइनेछ ।

(च) असहाय, अशक्त,एकल र जोखिममा परेमा ज्येष्ठ नागरिकलाई विशिष्ट प्रकारको सेवा सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(छ) ज्येष्ठ नागरिकको उपचारकोलागि विज्ञ चिकित्सक र उपकरणको व्यवस्था सहित प्रत्येक सरकारी तथा निजी अस्पतालमा जेरियाट्रिक वार्डको स्थापना गरिनेछ।

(ज) ज्येष्ठ नागरिकको सबै प्रकारको उपचारमा सरकारी र सामुदायिक अस्पतालमा विशेष छुटमा सेवा पाउने व्यवस्था गर्दै सो व्यवस्था क्रमशः निजी अस्पतालमापनि अबलम्वन गरिनेछ ।

(झ) योगदानमा आधारित स्वास्थ्य बीमाको रकम वृद्धि गर्दै यसको दायरा विस्तार गर्दै लगिनेछ ।

(ञ) ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सबै अस्पताल तथा हेल्थ पोष्टमा भौतिक संरचना र सेवाहरु ज्येष्ठ नागरिकमैत्री बनाउनेछ ।

(ट) असहाय, अशक्त,अनाथ र जोखिममा परेमा ज्येष्ठ नागरिकलाई निरन्तर सेवन तथा प्रयोग गर्नु पर्ने औषधी तथा उपकरण निःशुल्क उपलब्ध गराईनेछ ।

**रणनीति ९: ज्येष्ठ नागरिकको जीवनलाई सम्मानित,सुरक्षित र व्यवस्थित बनाउन आर्थिक, सामाजिक, कार्यक्रम तथा सुरक्षाको सेवामा वृद्धि गर्ने ।**

(क) स्थानीय तहमा योग्य, सक्रिय तथा सक्षम ज्येष्ठ नागरिकलाई सल्लाहकार,विषयविज्ञको रूपमा सेवा प्रदान गर्न सक्ने अवसर दिइनेछ।

(ख) योग्य, सक्रिय तथा सक्षम ज्येष्ठ नागरिकलाई व्यवसाय गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण व्याजदरमा ऋण प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ।

(ग) विषय विज्ञताको आधारमा योग्य, सक्रिय तथा सक्षम ज्येष्ठ नागरिकलाई उत्पादन तथा उत्पादकत्वमा आवद्वता कायम हुने वातावरण निर्माण गरी उनिहरुबाट उत्पादित सामान सहज रूपमा विक्री वितरण गरिनेछ।

(घ) शिक्षा मन्त्रालय मार्फत स्थानीय निकायका वडा वडामा प्रौढ शिक्षा एवं ज्येष्ठ नागरिक साक्षरता अभियान संचालन गरिनेछ ।

(ङ) जीबनयापनलाई सहज बनाउन अत्यावश्यक तथा समयसापेक्ष प्रविधिको ज्ञान, सीप लिन स्थानीय तहमा सिकाई केन्द्र संचालन गरिनेछ ।

(च) ज्येष्ठ नागरिकले प्राप्त गर्ने सामाजिक सुरक्षा भत्ता तथा अन्य सुविधा प्राप्त गर्न सहज,सरल र उचित उपयोगको व्यवस्था मिलाईनेछ ।

(छ) ज्येष्ठ नागरिकलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्तामा समयानकूल पुनरावलोकन गरिनेछ।

(ज) स्वच्छाले मासिक भत्ता आवश्यक नपर्ने ज्येष्ठ नागरिकलाई स्वघोषणा गर्ने वातावरण तयार गरी विशेष सम्मान स्वरूप वार्षिक रूपले सार्वजनिक गर्दै लगिनेछ ।

(झ) सानाजिक कल्याण तथा सामाजिक सुरक्षाका कार्यक्रम प्रदान गर्दा अशक्त,असहाय र अपाङ्गता भएका ज्येष्ठ नागरिकलाई घर,टोलमा घुम्ती सेवा सञ्चालन हुने व्यवस्था गरिनेछ ।

(ञ) नागरिकता नबनेका कारणले ज्येष्ठ नागरिक सेवा- सुविधाबाट वञ्चित नेपाली नागरिकलाई यथाशीघ्र नागरिकता दिने व्यवस्था गरिनेछ।

(ट) वृद्धावस्था व्यवस्थापन स्याहारकर्ता तालिम संचालन सम्बन्धी निर्देशिका तयार गरी प्रकाशन गरिनेछ ।

(ठ) वृद्धावस्थाको विविधीकरण गरी स्याहारकर्ता तालिमको लागि आबश्यकता बमोजिमको जनशक्ति तयार गरिनेछ ।

(ड) सबै स्थानीय निकायलाई स्याहारकर्ता तालिम संचालन गर्न सहकार्यात्मक वातावरण निर्माण गरी उत्प्रेरित गरिनेछ ।

(ढ) पक्षघात र अल्जाइमर रोगीलाई समुचित व्यवस्था मिलाउने।

**रणनीति १०: परम्परागत असल(अभ्यास)मूल्य-मान्यताको संरक्षण गर्दै ज्येष्ठ नागरिकको सम्मानको लागि सरकार,समाज,समुदाय र परिवारलाई जिम्मेबार, उत्तरदायी एवं जवाफदेही हुने अवस्था सृजना गर्ने।**

(क) ज्येष्ठ नागरिकप्रति सम्मान एवं हार्दिकता अभिवृद्धि गर्ने असल संस्कारका विषयहरुको निरन्तरताको लागि स्थानीय तहमा विभिन्न कार्यक्रम संचालन गरिनेछ।

(ख) ज्येष्ठ नागरिकलाई सम्मान जनक रूपमा पालन पोषण तथा हेरचाह गर्ने व्यक्ति/परिवारलाई राज्यबाट सम्मान तथा पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ ।

(ग) आफ्ना बुबालाई सन्तानले अनिवार्य रुपमा हेरचाह गर्नु पर्ने पद्धतिको विकास गरिनेछ ।

(घ) ज्येष्ठ नागरिक अर्थात परिवारका मूलीको भरण पोषण र सुरक्षा गर्न परिवारका सदस्यलाई सामाजिक र कानूनी रूपमा जिम्मेवार बनाउन कार्यक्रम संचालन गरिनेछ

(ङ) परिवारका सदस्यहरूको लागि चेतना मूलक कार्यक्रम संचालन गरी स्वास्थ्य, पोषण तथा वृद्धावस्था व्यवस्थापन गर्ने तर्फ उत्प्रेरित गरिनेछ ।

(च) ज्येष्ठ नागरिकका मुद्दाहरुलाई शासकीय संयन्त्रमा स्थापित गराउन एवम् समाज,परिवारमा चेतना अभिवृद्धि गर्न समाजमा ज्येष्ठ नागरिक व्याक्तिहरूको संलग्नतामा समूहहरू निर्माण गर्न उत्प्रेरित गरिनेछ ।

## १४. संस्थागत संरचना

यस नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वय गर्नका लागि संघ,प्रदेश र स्थानीय तहसँग समन्वय तथा सहजीकरण गर्न,नीति कार्यान्वयको अनुगमन गर्न, आवश्यकता बमोजिम नीतिमा समसामयिक सुधार गर्न महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रायलका मन्त्रीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरू सदस्य रहेको एक उच्चस्तरीय 'केन्द्रीय ज्येष्ठ नागरिक निर्देशन समिति' रहेको छ ।

| | | |
|---|---|---|
| (क) | मन्त्री/राज्यमन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग, (सम्बन्धित विषय हेर्ने) | सदस्य |
| (ग) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय, | सदस्य |
| (ङ) | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (च) | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |
| (छ) | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| (ज) | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| (झ | सचिव, सामाजिक विकास मन्त्रालय,सबै प्रदेश | सदस्य |
| (ञ) | अध्यक्ष, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ | सदस्य |
| (ट) | अध्यक्ष, गाउँ पालिका/ नगरपालिका महासंघ | सदस्य |

(ङ) ज्येष्ठ नागरिक क्षेत्रमा काम गर्ने संघसंस्थाको तर्फबाट दुई महिला सहित चार जना मन्त्रालयले मनोनीत गरेका चार सदस्य — सदस्य

(ढ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ — सदस्य

(ण) राष्ट्रिय मानव अधिकार आयोग (सम्बन्धित विषय हेर्ने) — सदस्य

(त) सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — सदस्य–सचिव

समितिले आफनो काम कारवाहीको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

१५. कानुनी व्यवस्था

यस नीतिमा भएका व्यवस्थालाई पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन विद्यमान ज्येष्ठ नागरिक सम्बन्धितकानूनहरूको आवश्यकता अनुसार परिमार्जन वा पुनर्लेखन गरिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयका लागि महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ ।

१६. स्रोत व्यवस्थापन

प्रस्तुत नीतिलाई एक विस्तृत एवं एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । यस नीति कार्यान्वय गर्ने सन्दर्भमा वैदेशिक सहायता परिचालन,कोष परिचालन,राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था परिचालन, सार्वजनिक निजी साझेदारी मार्फत स्रोत व्यवस्थापन समन्वय र सहजीकरण गर्ने तथा सहलगानीका लागि संघ र प्रदेश जिम्मेवार हुनेछन्। ज्येष्ठ नागरिकको व्यवस्थापनको समग्र जिम्मेवारी स्थानीय तहको रहेको हुँदा यस नीतिको कार्यान्वयको लागि आवश्यक पर्ने स्रोत सम्बन्धित स्थानीय तहले आ-आफ्नो बजेट तथा कार्यक्रमा समावेश गरी व्यवस्थापन गर्ने छन् ।

१७. अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय ज्येष्ठ नागरिक नीति, २०७९ को कार्यान्वयनको समग्र स्थितिको बार्षिक तथा आवधिक मूल्याङ्कन महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गर्नेछ ।त्यसैगरी प्रधान मन्त्री तथा मन्त्रिषरिषद्को कार्यालय, ज्येष्ठ नागरिकको कार्यक्षेत्र संग सम्बन्धित रहने विभिन्न मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, महिला विभाग,सम्बन्धित स्थानीय तह लगायतका निकायहरूले आ- आफ्नो क्षेत्राधिकार भित्र रही नियमित अनुगमन तथा मूल्याङ्गन गर्नेछन्। नीतिको अनुगमन तथा मूल्याङ्गनका लागि मापदण्ड एवं सूचकहरूको विकास गरी ती सूचकहरुको आधारमा अनुगमन तथा मूल्याङ्गन गरिनेछ।पाचँ वर्षमा नीतिको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन/ सुधार गरिनेछ।यस नीतिको राष्ट्रिय विकासमा परको प्रभाव मूल्याङ्गनको समन्वय राष्ट्रिय योजना आयोगले गर्नेछ ।

## १८.अपेक्षित उपलब्धि

यो नीतिको कार्यान्वयन पश्चात मुलुकमा रहेका सबै ज्येष्ठ नागरिकले आफनो जीवन मर्यादित र सम्मानपूर्वक रूपमा विताउने वातावरणको निर्माण हुनेछ । शारीरिक, मानसिक, असहाय, अशक्त, जोखिम परेका र परिवारका कोही नभनि सदस्य नभएकाहरूले समेत समाजमा मर्यादित र सम्मानपूर्वक बाँच्नपाउने र उपचार तथा औषधोपचारको व्यवस्था राज्यद्वारा प्रत्याभूतभएको हुनेछ ।

## १९. नीतिको कार्यान्वय गर्ने कार्ययोजना

नीतिबाट अपेक्षा गरिएका भावी सोच/लक्ष्य/ उद्देश्य तोकिएको समयावधि भित्र हाँसिल गर्न नीतिगत व्यवस्थालाई क्रियाकलापमा विभाजन गरी कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

## २०.सम्भावित जोखिम न्यूनीकरण योजना

यस नीतिको प्रकृति र स्वरूप वृहत् तथा साझा विषय भएकोले देहायका जोखिम हुन सक्ने अनुमान गरिएको छः-

(क) ज्येष्ठ नागरिक सम्बन्धी बुझाइमा विविधता हुन सक्ने ।

(ख) राष्ट्रिय ज्येष्ठ नागरिक नीति कार्यान्वयनमा आवश्यक ज्ञान, सीप र क्षमतायुक्त जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने।

(ग) ज्येष्ठ नागरिक विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

(घ) राज्यका विभिन्न निकाय बीच नीति कार्यान्यनका लागि आ- आफ्नो भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने।

(ङ) ज्येष्ठ नागरिकको व्यवस्थापनमा निजी क्षेत्र, गैर सरकारी संस्थाहरूको अपनत्व र सहभागितामा समस्या उत्पन्न हुन सक्ने।

(च) विपत र महामारीको अवस्थामा नीति कार्यान्वय प्रभावित हुनसक्ने।

**जोखिम न्यूनीकरणका उपायहरूः-**

(क) संघ,प्रदेश तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी यस नीतिको कार्यन्वयन कार्यायोजना तयार गरी कार्यान्वय गरिनेछ ।नीति कार्यान्वयको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागू गरिनेछ ।

(ख) संघ,प्रदेश तथा स्थानीय तहमा समन्वय संयन्त्रका रूपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ। ज्येष्ठ नागरिकका सवालको विषयमा दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ।

(ग) ज्येष्ठ नागरिकको विषय मन्त्रालयमा विज्ञ,प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् विश्लेषण गरिनेछ ।